मितिः २०८१ फागुन १३ गते

सम्माननीय प्रधानमन्त्री तथा कुलपती ज्यू ।
प्रधानमन्त्री को कार्यालय, सिंहदरबार

विषयः **उपकुलपती खोज तथा सिफारिस समिती सम्बन्धि ध्यानाकर्षण ।**

महोदय,

उक्त विषयमा काठमाण्डौ विश्वविद्यालयमा रिक्त उपकुलपतिको चयनकालागी करिव अढाई महिना अघि यहाँको अध्यक्षतामा बसेको विश्वविद्यालय सभाको निर्णय अनुसार गठित उपकुलपती खोज तथा सिफारिस समितिले आफैले बनाएको कार्यविधि अनुरुप छनौटका सबै प्रक्रिया पुरा गरेको दुई हप्ता भइसक्दा पनि अझै विश्वविद्यालयले उपकुलपती पाउन सकेको छैन । यस विचमा खोज तथा सिफारिस समितीका संयोजकका अनलाइन खबर र विविसी नेपाली सेवाका दुई अन्तर्वार्ता मार्फत आफ्ना धारणा सार्वजनिक गरेका छन् । आफैमा परस्पर विरोधी देखिने यी प्रसारित दुई अन्तर्वार्ताले तपसिलका विषयलाई उजागर गरेको छ ।

१. संयोजकको भुमिका सदस्यहरु विच समन्वय र निर्णयलाई सहजिकरण गर्ने हो । तर सार्वजनिक भएको उहाँ कै भनाई अनुसार ३ सदस्यीय समितिमा अरु दुई जना कार्यविधिले निर्धारित गरेको प्रक्रिया र मापदण्डका आधारमा जो जसले जति अंक भार पाएका छन्, त्यहि आधारमा तीन जनाको सिफारिस गर्नेमा देखिन्छन् भने संयोजक सुरेशराज शर्मा कहिले "विश्वविद्यालयको हितमा काम गर्ने", "लामो समय काम गरेका" , "आर्थिक श्रोत जुटाउन सक्ने" जस्ता कार्यविधि विपरितका र बस्तुगत भएर मापन गर्न नसक्ने नितान्त subjective आधार प्रस्तुत गर्न लागेका देखिन्छन । उहाँले पछि थप्न खाजेको आधार के र कसकालागि रहेछ भनेर उहाँकै अन्तर्वार्ताले स्पष्ट पारेको अवस्थामा समाजमा आफ्ना उच्च सम्मान स्थापित गर्न सफल अरु दुई सदस्य कुनै व्यक्तिका पछि लागेर Subjective मापनका आधारमा नगएको कुरा शर्माले अन्तर्वार्ता मार्फत उजागर गरेका तर्कले ति दुई सदस्यको गरिमामा प्रश्न उठाउनु परेन । तर बहुमत सदस्यले संयोजक मार्फत विचमा लाद्न खाजेको शर्त नमान्ने परिस्थिति आए पश्चात आफैले बनाएको कार्यविधिमा आधारित भई सिफारिस गर्ने जिम्बेवारिलाई अरु धुमिल बनाउन मिडियाको साहरा लिन खोज्नु शर्मा आफैले पाएको संयोजकको भुमिकाको मानमर्दन हो भन्ने हाम्रो बुझाई छ ।

२. हिजो प्रकाशित विविसी नेपाली सेवाको अन्तर्वातामा निवर्तमान उपकुलपतिलाई नै दोहोर्याउन चाहेको हो भन्ने प्रश्नमा उहाँले प्रष्टसंग 'हो' भन्नु भएको छ । यसबाट आज सम्म तीन जनाको नाममा सहमति नहुनु पछाडिको कारण संयोजक आफैले "खेलको विचमा गएर नियम परिवर्तन गर्न खाजेको " भन्नेमा अब दुई मत रहेन । यदि त्यो नाम नै सिफारिस गर्ने उहाँको आसय थियो भने त्यति लामो कार्यविधि र विभिन्न चरणका छनौट प्रक्रियाको औचित्य के रहेछ भनेर प्रश्न मात्र उठेको छैन, खोज तथा सिफारिस समिती गठन गर्न सम्माननिय प्रधानमन्त्री तथा कुलपतिको अध्यक्षतामा बसेको सम्मानित विश्वविद्यालय सभाको समेत मानमर्दन भएको देखिन्छ । मिति २०८१ माघ १ को पत्र मार्फत आवेदकमध्येका सात सदस्यहरुले संयोजकको कार्यशैलि तथा उहाँमा देखिएको निवर्तमान उपकुलपति मोहले सिफारिस प्रक्रियामा उपकुलपतिका अन्य उम्मेदवारहरु प्रति पूर्वाग्रही ब्यवहार हुने भन्ने कुरा प्रधानमन्त्रीज्यू समक्ष ध्यानाकर्षण पनि गरीएको थियो ।

३. संयोजकले पछिल्ला दुई अन्तर्वार्ता मार्फत उजागर गर्न खाजेका नाम सिफारिसका लागि मापक हुनपर्ने सबै विषय उहाँहरुले तयार गरेको कार्यविधीमा छन् । र त्यसकै आधारमा २० आवेदकमध्ये १० जना छनौट भएका ति १० जनाले आफ्ना भावि कार्ययोजना लिखित र मौखिक रुपमा प्रस्तुत गरेका र अन्तरवार्ता समेतका

आधारमा त्यसमध्ये उच्च अंकभार ल्याउने तीन जना कुलपति समक्ष सिफारिस गर्ने उहाँहरुको योजना र आफैले बनाएको कार्यदिश हो । छनौट आधार बनिसके पश्चात कुनै आवेदक तेश्रो नम्बर पनि नपरेपश्चात ती आबेदकलाई के के भनेर र कहाँ कहाँ चलखेल गरेर सिफारिस गर्न सकिन्छ भनेर संयोजक आफै लाग्न सुहाउने कुरा थिएन ।

४. जहाँसम्म विविसी नेपाली सेवामार्फत्त शर्माले महत्व दिन खोजेको विषय अर्थात विश्वविद्यालयको श्रोत जुटाउने कुरा छ, काठमाण्डौं विश्वविद्यालयमा उहाँले सिफारिसमा पार्न खोजेका व्यक्ति भन्दा धेरै श्रोतहरु विगतमा परिचालन गरिसकेको केहि आबेदकलाई दोश्रो चरणको सिफारिस अर्थात १० जनाको सुची मै नपारिएको अवस्था पनि यहाँ स्मरण गर्न चाहन्छौं । यदि यो नै छनौटको आधार हुन्थ्यो भने उहाँहरु त्यो सुचीमा नअट्नुको कारण पनि संयोजकले दिनपर्ने हुन्छ ।

५. अहिले प्रक्रियामा रहेको १० जनामध्ये ९ जना हाल विश्वविद्यालयमै कार्यरत र विभिन्न पदिय हैसियतमा रहेको तथ्यलाई नजर अन्दाज गर्दै संयोजकले विश्वविद्यालयको "हित गर्ने" मान्छे चाहिन्छ भन्ने रटान वाहिर ल्याउनु भएको छ । बर्षौंदेखि आफ्नो कार्यथलो बनाइ आएका र त्यहाँका महत्वपूर्ण पदमा समेत काम गरिआएका प्राध्यपकहरु मध्ये उहाँले चाहेकोले मात्र विश्वविद्यालयको "हित गर्ने" देख्ने संयोजक दृष्टिलाई सच्याउन कुन भाषा प्रयोग गर्ने भन्नेमा हामि अलमलमा परेका छौ ।

तसर्थ आफैमा उच्च शिक्षाको एक खम्बाको रुपमा रहेर विदेशी विद्यार्थी समेत आर्कषण गरिरहेको यस विश्वविद्यालयको गरिमालाई थप धुमिल हुन दिन हुदैन भन्ने हाम्रो मान्यता र माग छ । माथी उल्लेखित पछिल्ला गतिविधि र अभिव्यक्तिले सिफारिस समितिका संयोंजकलाई उहाँकै समितिले बनाएको विधि र प्रक्रियाको आधारमा तय भएका नामलाई सिफारिस गरि संयोंजकीय भुमिकामा रहन सम्झाउनु पर्ने अवस्था आएको र उहाँ आफैले पनि सिफारिस सहजिकरणकालागि कुलपतिज्यूको भुमिका मिडिया मार्फत खोजेकाले यो प्रक्रियालाई छिटो टुङ्ग्याउन आवश्यक सहजिकरणकालागि हामी पुनः अनुरोध गर्दछौं ।

हस्ताक्षरकर्ताहरु

प्रा.डा. हरि प्र. [illegible]

प्रा.डा. धिरज गिरी

प्रो.डा. बिभूति रञ्जन

प्रा.डा. बाल चन्द्र लुइँटेल

प्रा.डा. केदारमणि दाहाल

प्रा.डा. बिम प्र. श्रेष्ठ

प्रा.डा. श्याम नारायण लाभ